**साटाखानी घटना अध्ययन**
**प्रतिबेदन**
**२०६९ पौष १८**

प्रतिवेदक
नन्द विश्वकर्मा
केन्द्रिय उपाध्यक्ष
दलित गैसस महासंघ
केन्द्रिय समिति

## भुमिका

नेपाली जनता सार्वभौम सम्पन्न हुन भनि संवैधानिक ब्यबस्था छ । नेपाली जनताले राष्ट्र, राष्ट्रियता, स्वाभिमानलाई कहिले पनि समर्पण गर्नु हुँदैन भन्ने राष्ट्रिय मान्यता छ । तर यो देश भित्र रहँदा नेपाली भुमिको स्वामित्व बिना मान्छे नारकिय जिवन जिउन विवश छन । आफ्नै भुमी आफ्नै देश तर त्यसको परिचालन सामान्ती चिन्तन र संस्कारको ब्यबस्थाले गर्ने हुँदा आफुले बनाएको झुपडीमा अरुकसैले आगो लगाई दिदा चुप लागेर टुलुटुलु हेर्न विवस भए सुर्खेत साटाखानीका २७ घरपरिवारहरु, आफ्नो भन्न पाइएन मुटु मिचेर रुने र दुधे बालक भएका एक सरो कपडा सम्म नजोगाई विवस्ताले छोड्नु पर्‍यो भुमिहिनहरुले आफना झोपडीहरु । खाणदेवी सामुदायिक बन उपभोक्ता समितिको विशेष पहलमा भएको यो आगजनीले २७ घर लाई बिचल्ली मात्र पारेन भीमबहादुर सार्की र बालकुमारी सार्कीको २३ दिनको बालक चन्द्रबहादुर सार्कीले जाडोले कठ्याङ्गिएर ज्यान गुमायो । यस्तो कहाली लाग्दो घटनाले दलित गैरसरकारी संस्था महासंघको ध्यान आकर्षण गरी त्यस तर्फ प्रस्थान गरी घटना अध्यान प्रतिबेदन तयार गरीएको छ ।

## घटना स्थलको संक्षिप्त जानकारी

सुर्खेत जिल्ला साटाखानी गाविस वडा नं. ७ रुप्सेमा खाणदेवी सामुदायिक बन उपभोक्ता समितिको जानकारीमा जिल्ला वन कार्यालयले २०६९ मंसिर १७ गते आगो लगाई विस्था पित गर्दा २७ घरपरिवार खाली आकाश मुनी बस्न पुगे । मंसिर २४ गते देखि सुर्खेतको विरेन्द्रनगर नगरपालिका भीत्र धर्ना बस्ने योजना बनाई आन्दोलनमा उत्रीय । झण्डै एक महिना धर्ना बस्दा जिल्ला प्रशासन कार्यालय सुर्खेत, जिल्ला बन कार्यालय सुर्खेत, राजनीतिक पार्टीहरुको अगुवाईमा उनीहरुलाई पुनरस्थापना गर्ने भनी आफ्ना घरझुपडीहरुमा छानो हाली बस्नु भनी पठाईयो तर पौष १७ गते जिल्ला बनका कर्मचारीहरु आएर पुनः झुपडी फालि दिएने धम्की दिएको अवस्था बुझियो । हाल २७ घर दलित परिवार रुप्सेको चिङ्गार खोलाको बगरमा थागलको सेउलाले बारेको झुपडीमा आश्रीत छन ।

## घटना अध्ययनको उद्देश्य

१. पीडितहरुको वास्तविक अवस्था पहिचान गरी सरोकारवालाहरुको ध्यान आकर्षण गराउने ।
२. पीडितहरु र सम्बन्धीत सरोकारवालाहरुको विचमा भएका सहमती कार्यान्वयन भए नभएको पहिचान गर्ने
३. पछिल्लो अवस्थामा पुनरस्थापित गर्न भनिएका पीडितहरुको अवस्था चित्रण गर्ने ।

## घटना अध्ययनमा संलग्न ब्यक्तिहरु

| | | |
|---|---|---|
| १. नन्द विश्वकर्मा | केन्द्रिय उपाध्यक्ष | दलित गैसस महासंघ |
| २. डिलबहादुर परियार | क्षेत्रीय अध्यक्ष | दलित गैसस महासंघ |
| ३. लालबहादुर विश्वकर्मा | क्षेत्रीय सम्बन्ध अधिकृत | दलित गैसस महासंघ |
| ४. राजु गुईदेल | | नेपाल उत्पीडित जातिय मुक्ति समाज |
| ५. किरण गिरी | | चेतना परिवार |
| ६. हेमन्त विक | | रेडिया प्रतिबोध कोहलपुर |
| ७. पुर्णबहादुर सुनार | | राष्ट्रिय भुमिअधिकार मञ्च |
| ८. प्रतिमा परियार | | छरछिमेक राष्ट्रिय दैनिक सुर्खेत |
| ९. सुनिता पन्त | | सुर्खेत पत्र दैनिक |
| १०. गोविन्द खत्री | | युग आह्वान दैनिक |

**घटना अध्ययनको विधी**

१. पीडितहरुसंग प्रत्यक्ष भेटघाट तथा छलफल
२. पीडक वा सरोकारवालाहरुसंग भेटघाट तथा छलफल
३. स्थानिय सरोकारवालाहरु संग छलफल

**पीडितहरुको पारिवारिक अवस्था**

विगत २०२८ साल देखि साटाखानी ७ रुप्सेमा बस्दै आएका घले सार्कीका छोरा तिलबिर सार्कीको भनाई अनुसार २०२८ सालदेखि दुई घरले विक्रि गरी अरु २५ घर थपिए र हाल २७ घर रहेको पाईन्छ । हाल विस्थापित घरपरिवार १४० मध्ये ८३ पुरुष ६० महिला रहेको पाइन्छ । ११ जना बालबालिका मध्य ८ जना विद्यालय भर्ना भएका अध्ययनरत छन ।

**घटनाको विस्तृत विवरण**

विगत २०२८ साल देखि हाल आवादी गरी साटाखाना ७ रुप्सेमा बस्दै आएका भुमिहिन सुकुम्बासी २७ घर दलित परिवारलाई स्थानिय खाणदेवी सामुदायिक बन उपभोक्ता समितिको जानकारीमा गत मर्गसिर १७ गते जिल्ला बन र जिल्ला प्रशासनको संयूक्त पहलमा बस्तीमा आगो लगाई विस्थापित गर्दा पीडित परिवारहरु सुर्खेत नगरपालिका भित्र खुल्ला आकाशमा बस्न विवस भए । सो कुराको विरोधमा विभिन्न संचार तथा स्थानिय संघसंस्थाको पहलद्धारा दवाव दिने कार्य भई पटक पटक स्थानिय राजनीतिक पार्टी तथा जिल्ला प्रशासन कार्यालय, जिल्ला बन कार्यालय र सरोकारवालाहरुको पहलमा पुनः पुरानै ठाउँमा पुनरस्थापना गर्ने भनि आन्दोलित परिवारहरुलाई अनसन, धर्ना तोड्न लगाई यहि पौष १६ गते सहमती भई पीडितहरु पुरानै ठाउँमा फर्कि आफ्ना जलेका घर टहराको उद्धार गरी पुनरनिर्माणमा लागेको अवस्थामा जिल्ला बनका रेञ्जर सहित केही बनपालेहरु आएर घर बनाएमा नराम्रो घटना घटाईन्छ, घर बनााउन पाउँदैनौ भनि डर धम्की दिई गएपछि रुप्सेका २७ घरपरिवार झनै संकटमा परेका छन ।
हाल चिङ्गार खोलाको बगरमा थागलको स्याउलाबाट बारिएको झुपडीमा ओत लागेका पीडितहरु भन्छन,“सिडिओ र जिल्ला बन प्रमुखले पुरानै घर पुनरनिर्माण गर्न भनि पठाएका हुन, कुनै पनि हालतमा घर बनाउँछौ जे पर्छ ब्यहोर्न तयार छौं ।”

**घटना सम्बन्धी विभिन्न ब्यक्तिहरुको भनाई**

***जसविर सार्की ३२ वर्ष***

मंसिर १७ गते देखि विस्थापित भइयो । ३ छोरा १ श्रीमति गरी ५ परिवासंख्या भएका सार्की भन्छन प्रधानमन्त्री समेतलाई ज्ञापन पत्र बुझाईयो । हाल पुरानै ठाउँमा बस्न जिल्ला प्रशासनले आदेश गरेको छ । पुनः मर्मत गरेर बस्छौं । बस्न नदिए पुनः आन्दोलनमा गईन्छ ।

***नरबहादुर कसेरा***

पौष १३ गते पुनरस्थापनाको लागी काक्रिबिहार पत्रिकाले प्रकाशन गरेर जानकारी पाएको १७ गते बुकुरा बनाउन लाग्दा बनका कर्मचारी आएर नबनाउन धम्की दिएर गए । सके सम्म बनाएरै छाडिन्छ ।

***खगीसरा सुनार***

२० दिन सम्म धर्ना बस्यौं । हाम्रो माग सुनेर सिडिओले ठुला घर नबनाउन हाल लाई पुरानै स्थानमा गएर बस्न भन्नु भयो । त्यसकारण हामी पुनः यही ठाउँमा बस्न आएका छौं । तर बनका कर्मचारी रेञ्जर सहितको टोली पौष १७ गते आएर घर नबनाउन धम्की दिएर गएका छन । के हुन्छ थाहा छैन । गरिबका कुरा लाग्दैनन् ।

***चन्द्र सुनार कल्याण गाविस***

यो सामुदायिक बन हो भन्ने थाहा थिएन । २०२८ साल देखि नियमित बस्दै आएको बस्ती भएकोले बन क्षेत्र वा सामुदायिक बनले उठाउला जस्तो लाग्दैन थियो । मंसिर १० गते पहिलो सुचना प्रकाशन गरी २०६९ मंसिर १७ गतेका दिन बस्तीमा आगो लगाएको बताउँदै विस्थापितहरुलाई सरोकारवालाहरुले पुनरस्थापना गर्नु पर्ने बताउनु भएको थियो ।

***लालबहादुर नेपाली***

यो स्थायी रुपले होइन अस्थायी रुपले बस्ने अबस्था बन्न सक्छ । १७ गते रेञ्जर सहित बनको कर्मचारी टोली आएर घर टहरा बनाउन रोक लगायो । अब घर बनाउन केन्द्रको भनाई पर्खनु पर्छ होला अरुको धाक धम्कीमा मात्र कति दिन बाँच्न सकिन्छ । यसै क्षेत्र भित्र जयसिंह जिसी बन क्षेत्र भित्र छन । उनी लाई उठाइएको छैन । गरिब, असाहय देखेर हामी दलितलाई विस्थापित गरियो ।

**घटना अनुगमनमा देखिएका चुनौतिहरु**

विशेष गरी सुर्खेत जिल्लाको साटाखानी ७ रुप्से भेरी नदिको नजिक पदर्छ । उत्तर तर्फबाट बग्दै आएको चिङ्गार खोला पुर्व–पश्चिम हुँदै बगिरहेको भेरी नदिमा मिसिने भिरालो ठाउँ हल्का उचाई, उकालो ओरालो हिँडनु पर्ने र सडकबाट झण्डै २ घण्टा पैदल हिँडनु पर्ने रहेछ ।

१. भौगोलिक विकटताका कारण सबै ठाँउ पुग्न नसक्नु
२. खुल्ला रुपले पीडितका पक्षमा बोल्ने जनमतको कमी
३. राजनीतिक रुपमा अस्पटता

**निष्कर्ष**

दलित गैरसरकारी संस्था महासंघको तर्फबाट स्थलगत अनुगमन गर्दा जे जस्तो देखिएको छ त्यो सत्य तथ्यको रुपमा प्रस्तुत गर्न खोजिएको छ । प्रतिबेदनमा कुनै अतिरञ्जित कुरा नराखी ब्यक्तिले बोलेका वास्तविक भनाई उल्लेख गरिएको छ । गत मंसिर १७ गते देखि २०६९ पौष १७ गते सम्म विस्थापितहरु जे जति संगठित रुपले आन्दोलनमा आए वास्तविक आफ्नो समस्या बाहिर ल्याएको देखिन्छ । २०२८ सालमा २ जना ब्यक्तिले यो जमिन खरिद गरेको र पछि २५ घरपरिवार किनबेचमा थपिदै २७ घरपरिवार पुगेको र वास्तविक भुमिहिन नै रहेको बुझिन्छ । पीडितले भोगचलन गरेको जमिन सर्वे नापी हुँदा बन क्षेत्रमा कायम भएको बन सामुदायिक भएको हुँदा स्थानिय अन्य समुदायहरुबाट पनि विस्थापितहरुले सहयोग नपाएको । जिल्ला प्रशासन र जिल्ला बनले सोही ठाँउमा पुनरस्थापना गरी पीडितहरुलाई मात्र सान्तवना दिने गरेको बुझिन्छ । कुनै लिखित निर्णय अर्थात अफिसियल आदेश नभएको हुँदा बन लगाएत विपक्षी सरोकारवालाहरुले अंझै दवाव सृजना गर्न सक्ने देखिन्छ ।